फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

फोन नं.: ०६७ –४३०१०३
०६७ –४३०१०२
०६७ –४३०१०४

गण्डकी प्रदेश, नेपाल ।

प.सं. :- ०८०।०८१
च.नं. :- १८०

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

मिति:२०८०/०६/०४

श्री वडा कार्यालय (सवै),
फलेवास नगरपालिका,
पर्वत ।

विषयःसूचना टाँस सम्बन्धमा।

प्रस्तुत विषयका सम्बन्धमा कृषि ज्ञान केन्द्र पर्वतको च.नं. ५१, मिति २०८०/०६/०२ को पत्र सँग प्राप्त आ व २०८०।०८१ को बार्षिक कार्यक्रमहरुमा दरखास्त पेश गर्ने सम्बन्धि सूचनालाई यसै पत्र साथ संलग्न राखि पठाईएको छ । उक्त सूचनालाई कृषकहरुको पहूँचमा पुग्ने गरी तहाँ कार्यालयको सूचना पाटीमा सूचना टाँस गर्नुहुन अनुरोध छ ।

२०८०।०६।०४
कृष्ण प्रसाद पौडेल
अधिकृत

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, पर्वत

कुश्मा, नेपाल

## कृषि ज्ञान केन्द्र, पर्वतको आ.व. २०८०/८१ का कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

सूचना नं.०१/०८०/०८१
(प्रथम पटक प्रकाशित भएको मिति २०८०/०५/२७ गते)

यस कृषि ज्ञान केन्द्र, पर्वतको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक पर्वत जिल्ला भित्रका विभिन्न कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषि समूह तथा कृषि सहकारी संस्थाले मिति २०८०/०६/२५ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरुका साथ यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट (रु लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | फलफूलबाली विकास आयोजना | | | | |
| क | फलफूलको मूल्य अभिवृद्धि तथा बजार प्रवर्धन कार्यक्रम | ५० | ३ पटक | १५ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भइ न्युनतम ३० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्ने । |
| ख | फलफूल बगैचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | ५० | १०० हेक्टर क्षेत्रफल | ४० | |
| ग | फलफूल बगैचा स्थापना तथा विस्तार कार्यक्रम | ५० | २० हेक्टर क्षेत्रफल | ३० | |
| २ | आलु तथा तरकारी बाली प्रवर्द्धन आयोजना | | | | |
| क | आलु तथा तरकारी बालीमा पोष्टहार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम | ५० | २ पटक | ४ | कृषि फर्म, कम्पनी, कृषक समूह, कृषि सहकारी संस्था वा बजार समिति, खुद्रा तथा थोक बिक्रेता मार्फत सञ्चालन हुने। |
| ख | बेमौसमी तरकारी खेती प्रवर्धन कार्यक्रम | ५० | ४५ हेक्टर क्षेत्रफल | ४५ | तरकारीको हकमा : कृषि फर्म, कम्पनीले खुल्ला जमिनमा २ रोपनी क्षेत्रफलमा वा संरक्षित संरचना भित्र १४० वर्ग मिटर क्षेत्रफल र कृषि समूह/सहकारीले खुल्ला जमिनमा १० रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र ७०० वर्ग मिटर क्षेत्रफलमा संचालन गर्नुपर्ने।<br>आलुबालीको हकमा : कृषि फर्म, कम्पनीले कम्तीमा ३ रोपनी क्षेत्रफलमा र कृषि समूह/सहकारीले कम्तीमा ३० रोपनी क्षेत्रफलमा संचालन गर्नुपर्ने। |
| ३ | खाद्यान्नबाली प्रवर्द्धन आयोजना | | | | |
| क | खाद्यान्नबाली उत्पादन प्रवर्धन कार्यक्रम | ७५ - ८५ | २० हेक्टर क्षेत्रफल | २० | कम्तीमा १० घरधुरी संलग्न कृषक समूह वा सहकारी संस्था मार्फत न्यूनतम १०० रोपनी क्षेत्रफलमा संचालन गर्नुपर्ने । |
| ४ | रैथाने बाली प्रवर्धन आयोजना | | | | |
| क | रैथानेबाली उत्पादन प्रवर्धन कार्यक्रम | ८५ | ५ हेक्टर क्षेत्रफल | ५ | कम्तीमा १० घरपरिवार संलग्न तथा लाभान्वित हुने कृषक समूह वा सहकारी संस्थामार्फत न्युनतम २० रोपनी क्षेत्रफलमा सञ्चालन गर्नुपर्नेछ |
| ख | रैथानेबालीको प्रशोधन तथा बजारीकरण प्रवर्धन कार्यक्रम | ५० | २ पटक | ४ | कृषि फर्म/कृषि कम्पनी/कृषि समूह/कृषि सहकारी मार्फत सञ्चालन गर्नुपर्नेछ। |
| ५ | कृषि व्यवसाय प्रवर्धनका लागि अनुदानमुलक कार्यक्रमहरु | | | | |

परशुराम अधिकारी
प्रमुख

फोन नं.: ०६७-४२०१३० ई-मेलः akcparbat@gmail.com वेवसाईटः www.parbat.akc.gov.np

Scanned with CamScanner

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, पर्वत

कुश्मा, नेपाल

| क्र.स. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट (रु लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| क | मसला तथा निर्यातयोग्य बाली उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम | ५० | ६ पटक | ९ | अलैची बालीमा कृषि फार्म / कम्पनीको हकमा २० रोपनी, अदुवा, बेसार, लसुन, प्याज, खुर्सानी खेती गर्ने कृषि फार्म / कम्पनीको हकमा १० रोपनी र समूह / सहकारीको हकमा ५० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ । |
| ख | व्यवसायिक किट विकास प्रवर्धन कार्यक्रम | ५०-७५ | २ पटक | ४ | च्याउ, मौरी उत्पादन प्रवर्धन अन्तरगत कृषि फर्म, कम्पनी, कृषक समूह वा सहकारी संस्था मार्फत सञ्चालन गर्नुपर्नेछ । |
| ग | प्राङ्गारिक मल वितरण कार्यक्रम | ७५ | ३ पटक | १५ | कम्तीमा २ रोपनी जग्गामा व्यवसायिक खेती गरेको हुनुपर्नेछ । |
| घ | बाली बीमाको विमा शुल्कमा अनुदान | १०० | ४ पटक | ६ | यस विधाका लागि मिति २०८१ असार १५ गते सम्म आवेदन दिन सकिने छ। |
| ६ | बीउ उत्पादन प्रवर्धन आयोजना | | | | |
| क | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्धन कार्यक्रम | ५० | ५ हेक्टर | ७.५ | बीउ उत्पादन (खाद्यान्न, तरकारी बाली, आलु, तेलहन र दलहन) का लागि स्रोत बीउ खरिद, बीउ संकलन, ड्राईङ, ग्रेडिङ, प्याकेजिङ, लेबलिङ सामाग्री खरिद भण्डारण र बजारीकरणमा व्यवस्थापन गर्न सकिने । |
| ७ | समुदायस्तरमा प्रविधियुक्त कृषि उत्पादन प्रवर्द्धन आयोजना | | | | |
| क | खायन आलु उत्पादन प्रवर्धन कार्यक्रम | ७५ - ८५ | १२५ हेक्टर क्षेत्रफल | ३०० | कृषक समूह वा सहकारी संस्था मार्फत समुदायस्तरमा कम्तीमा १० घरपरिवार संलग्न भई न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गरेको हुनुपर्ने। |
| ८ | पोषण सुरक्षा कार्यक्रम | | | | |
| क | ग्रामिण पोषण सुरक्षण कार्यक्रम | ९० | ५ संख्या | २५ | जिल्लाको खाद्य तथा पोषण सुरक्षणका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील क्षेत्रमा कार्यक्रम संचालन गरिनेछ। |

पेश गर्नु पर्ने आवश्यक कागजातहरु

१. रु १० को हुलाक टिकट टाँस गरेको निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव फारम,

२. सोही प्रकृतिको कार्यक्रमका लागि अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।

३. सम्बन्धित स्थानीय तह कृषि शाखाको सिफारिस (कार्यक्रमको दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको) ।

४. खेती विस्तार हुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता न्यूनतम १० वर्ष अवधिको हुनुपर्नेछ) ।

५. कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितिको बैठक बसी सो को निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT को प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि,

६. नागरिकता प्रमाण पत्रको प्रतिलिपि

पुनश्च : माथि उल्लिखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ र कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश सरकारको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/संसोधित मापदण्डमा भएका व्यवस्था अनुसार मात्र संचालन हुनेछ। साथै उल्लिखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथि कुनै प्रकृया अघि बढ्ने छैन।

थप जानकारीको लागिः
०६७-४२०१३०, ९८५७६४११३०, ९८४६१११५३५, ९८४७६३५४९९

परशुराम अधिकारी
प्रमुख



Scanned with CamScanner